"जलस्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:-२०७८/०७९
चलानी नं./Dispatch No:-

मिति/Date: २०७८।०५।२२

विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा बागमती प्रदेश, नेपाल २०७३

### उच्च शिक्षा शैक्षिक ऋणसम्बन्धी विगु गाउँपालिकाको जरुरी सूचना

विगु गाउँपालिकाको उच्च शिक्षा शैक्षिक ऋण प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७८ बमोजिम यस गाउँपालिकाभित्रका गरीब तथा जेहेन्दार छात्रछात्राहरुलाई MBBS & Bachelor in Engineering अध्ययन गर्नको लागि गाउँपालिकाले ऋण सुविधा उपलब्ध गराउने भएकोले देहाय बमोजिमको योग्यता पुगेका उम्मेद्वारहरुले यो सूचना प्रकाशित भएको १५ दिनभित्र रितपूर्वक कार्यालयमा उपस्थित भई वा bigumun@gmail.com मार्फत आवेदन दिनुहुन सूचित गरिएको छ।

देहायः-

१. विगु गाउँपालिकाभित्र स्थायी ठेगाना भएको हुनु पर्नेछ।
२. कुनै पनि सरकारी विद्यालयबाट प्रवेशिका परीक्षा उतीर्ण गरेको हुनु पर्नेछ।
३. विज्ञान विषय लिई कम्तिमा १२ कक्षा उतीर्ण गरेको हुनु पर्नेछ।
४. MBBS को लागि IOM र BE को लागि IOE को प्रवेश परीक्षा उतीर्ण गरेको हुनु पर्नेछ।

आवेदन दिनको लागि ईच्छुक विद्यार्थीले देहायका कागजातहरु पेश गर्नु पर्नेछः-

क) आवेदन पत्र
ख) प्रवेशिका र १२ कक्षा उतीर्ण गरेको लब्धाङ्क पत्रहरुको प्रतिलिपि
ग) गरीब तथा जेहेन्दार विद्यार्थी भनी सम्बन्धित शैक्षिक संस्था र वडाले दिएको सिफारिस पत्र
घ) सङ्कल्प पत्र (नमूना कार्यविधिको अनुसूची- २ मा संलग्न रहेको छ।)
ङ) IOM वा IOE को प्रवेश परीक्षा उतीर्ण गरेको कागजात
च) अध्ययन पश्चात् पेशागत जीवन शुरु गरेको १ वर्षभित्र ऋण भुक्तानी शुरु गर्ने वा गाउँपालिकाले तोकेको स्थानमा रहेर ऋण भुक्तानी हुने गरी सेवा दिने प्रतिबद्धता पत्र

थप जानकारीको लागि शिक्षा, युवा तथा खेलकूद शाखामा प्रत्यक्ष रुपमा उपस्थित भई जानकारी लिन वा ०४९-४१०१०९ मा सम्पर्क गर्न सकिनेछ।

२०७८।५।२२

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत